प्रदेश सरकार
पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय, गोरखा ।
गण्डकी प्रदेश, नेपाल ।

प.स : ०७८/०७९
च.न : ८१६

मितिः- २०७८।०८।१७

श्री स्थानीय तह सबै
गोरखा ।

विषय : राहत वितरण सम्बन्धमा ।

पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गण्डकी प्रदेश, पोखराको माननीय मन्त्रीस्तरीय निर्णयानुसार स्वीकृत स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७८ बमोजिम पर्यटन व्यवासायसँग आवद्ध श्रमिक/मजदुरहरुलाई राहत वितरण गर्ने कार्यक्रम अन्तर्गत यस जिल्लाभित्रका कोभिड १९ बाट प्रभावित पर्यटन व्यवसायसँग आवद्ध श्रमिक/मजदुरहरुलाई प्रति व्यक्ति नगद रु १०,०००।- राहत वितरण गरिने कार्यक्रम रहेको हुँदा पर्यटन कार्यालयबाट स्तर निर्धारण/दर्ता/अनुमती प्राप्त गरेका वा यस कार्यालयमा दर्ता भै नियमानुसार नविकरण भएका पर्यटन व्यवसायसँग सम्बन्धित निकाय वा होटल व्यवसायसँग आवद्ध श्रमिक/ मजदुरहरुलाई निम्न बमोजिको आधारमा छनौट गरी ताहाँ पालिकाको आधिकारिक पत्र सहित पत्रको मितिले ५ दिन भित्रमा यस कार्यालयमा सम्पर्क राख्न पठाइदिनु हुन अनुरोध छ ।

१. छनौटका आधारहरुः-

१. राहतका लागि आवेदन पेश गर्ने पर्यटन व्यवसायसँग आवद्ध मजदुरले सम्बन्धित पर्यटन पर्यटन व्यवसायसँग आवद्धता रहेको प्रमाण संलग्न गर्नु पर्ने छ ।

२. पर्यटन कार्यालयबाट स्तर निर्धारण/दर्ता/अनुमती प्राप्त गरेको वा यस कार्यालयमा दर्ता भै नियमानुसार नविकरण भएका पर्यटन व्यवसायसँग सम्बन्धित निकाय वा होटल व्यवसायसँग आवद्ध श्रमिक/मजदुर हुनु पर्नेछ ।

३. विगत दुई वर्ष यता कुनै सरकारी निकायबाट यस्तै प्रकृतिको कुनै राहत प्राप्त नगरेको स्वःघोषणा संलग्न गर्नु पर्नेछ ।

सूर्य भुजेल
कार्यालय प्रमुख
कार्यालय प्रमुख

सम्पर्क नं.:- ०६४:४२०१९३, इमेलःgorkhagharelu@gmail.com

Scanned with CamScanner

प्रदेश सरकार
पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
# घरेलु तथा साना उद्योग कार्यालय, गोरखा ।
गण्डकी प्रदेश, नेपाल ।

प.स : ०७८/०७९
च.न : ८१६

२. स्थानीय तह अनुसार छनौट गरी पठाउने स्थानीय तह र संख्या

१. गोरखा नगरपालिका- २० जना

२. पालुङटार नगरपालिका- १० जना

३. सहिदलखन गाउँपालिका- १० जना

४. गण्डकी गाँउपालिका- ५ जना

५. भिमसेन थापा गाउँपालिका- ५ जना

६. आरुघाट गाँउपालिका- ५ जना

७. धार्चे गाँउपालिका- ५ जना

८. चुमनुब्री गाँउपालिका- ५ जना

९. सिरानचोक गाँउपालिका- ५ जना

१०. अजिरकोट गाँउपालिका- ५ जना

११. बारपाकसुलीकोट गाँउपालिका- ५ जना

सूर्य भुजेल
कार्यालय प्रमुख
कार्यालय प्रमुख



Scanned with CamScanner